# म्याङलुङ्ग नगरपालिकाको प्रथम नगरसभाको लागी प्रस्तावित आ.व. ०७४।७५ को वार्षिक  नीति, कार्यक्रम

**श्री सभाध्यक्ष ज्यु**
**एवं सम्पुर्ण सभासद् ज्युहरु**,

सर्वप्रथम म जनता र राष्ट्रको समृद्धि तथा राजनीतिक तथा सामाजिक परिवर्तनका साथै लोकतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवनोत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात अमर शहीदहरुमा भावपूर्ण हार्दिक श्रद्धान्जली  अर्पण गर्दछु । शहीदहरुको सपना र मार्गदर्शन अनुरुपको नयाँ नेपाल निर्माणलाई सार्थक तुल्याउने यात्रामा हामी सबैलाई प्रेरणा मिल्ने अपेक्षा गर्दछु ।

लामो समय सम्म स्थानीय निकाय जनप्रतिनिधि विहिन भएको अवस्थामा समेत जनताको विकास र  चाहनाको  सरथीको रुपमा भुमिका निर्वाह गर्नुहुने सम्पुर्ण राष्टसेवक कर्मचारी प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु  ।

सभाध्यक्ष ज्यु,

लिम्बुभाषाको आधारमा नामांकृत ऐतिहाँसिक किम्बदन्ती बोकेको म्याङलुङ्ग तेह्रथुम जिल्लाको सदरमुकाम हो । नेपाल सरकार मन्त्री परिषदको २०७१ जेष्ठ २५ को निर्णय अनुसार साबिकका म्याङलुङ्ग, पिप्ले, जिरिखिम्ती, आम्बुङ्ग, साब्ला र तम्फुला गाविस समाहित भई बनेको १९,६५९ जनसंख्या सहित १००.२१ बर्ग किलो मिटरमा फैलिई २०७३ फाल्गुण २७ को स्थानीय तह कार्यान्वयनको सिलसिलामा १० वडामा बिभाजित यो नगरपालिका पुर्व तर्फ खोरुङ्गा खोला, पश्चीम तर्फ पिगुवाखोला, उत्तर तर्फ संखुवासभा जिल्ला, दक्षिण तर्फ तमोर नदी (पाँचथर जिल्ला) यति चार किल्ला भित्र अवस्थीत छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संबिधान २०७२ मा जारी भई सोही संबिधानको आधारमा सम्पन्न स्थानीय तहको संरचना तयार भई ऐतिहाँसिक निर्वाचनद्वारा गठन भएको प्राकृतिक रुपमा सुन्दर तेह्रथुम जिल्लाको आर्थिक, सामाजिक, धार्मिक ,साँस्कृतिक र  पर्यटकीय दृष्टिले महत्वपूर्ण केन्द्र तथा सदरमुकाममा अवस्थित  यस म्याङलुङ्ग नगरपालिकाको नगर सरकारको आर्थीक बर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम यस गरिमामय प्रथम म्याङलुङ्ग नगरसभा समक्ष प्रस्तुत गर्न पाउँदा म आफुलाई गौरवान्वीत महशुस गरिरहेको छु ।

**आदरणीय सभासद् ज्युहरु,**

नेपाली जनताको ऐतिहाँसिक जनआन्दोलनद्वारा प्राप्त उपलब्धीहरुलाई संबिधानले ब्यवस्था गरेबमोजिम हालै सम्पन्न स्थानीय तहको निर्वाचनबाट अधिकारसम्पन्न स्थानीय तहको गठन भई सकेकोछ । लामोसमय सम्म राजनितिक नेतृत्व बिहिन रहेको नगर भित्र नगरबासीहरुमा विकास निर्माणको चाहाना अधिक हुनु स्वभाविक नै छ । यस्तो अवस्थामा उपलब्ध साधन र श्रोतको समुचित ब्यवस्थापन र प्रयोगद्वारा नगरवासीको चाहाना बमोजिम म्याङलुङ्ग नगरको समृद्धी र विकासको लागी अधिकतम प्रगती हासिल गर्ने कुरामा नगर कार्यपालिका सफल हुन्छ भन्ने मैले बिस्वास लिएकोछु । स्थानीय सरकारमा जनताको सहज पहुँच र जनता संग निकटताहुने भएको हुँदा जनता र जनप्रतिनिधी मुलक संस्था बिच अन्योन्याश्रित सम्बन्ध कायम राख्न कटिबद्ध रहेनेछु । बहुजातिय, बहुधार्मिक, बहुभाषिक, बहुसांस्कृतिक तथा भौगालिक

विविधता युक्त मयाङलुङ्ग नगरलाई समृद्धीको बाटोतर्फ डोऱ्याउन यहाँ रहेका प्राकृतिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक र म्याङलुङ्ग नगरका विषेशताहरुको संरक्षण, सम्बर्द्धन गर्दै नयाँ सम्भावनाहरुको खोजिगर्नु पर्ने अवस्यकता रहेकोछ। नगरबासीले हामीलाई सुम्पिएको जिम्बेवारी/बिस्वास तथा सुशासन, विकास र समृद्धीको जनआकांक्षा पुरा गर्न म लगायत सम्पुर्ण मेरो कार्यपालिका यस कार्यकालागी अहोरात्र लागी पर्ने प्रतिवद्धता ब्यक्त गर्दछ।

प्रस्तुत नीति तथा कार्यक्रम नेपालको संघिय लोकतान्त्रीक गणतन्त्र नेपालको संबिधान मर्म तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरेका प्रावधानहरु, विभिन्न तहबाट प्राप्त हुन आएका सुझाव समेतका आधारमा तयार गरिएको छ। नगर सभाका पदाधिकारी सहितको बैठकमा छलफल गरी छनौट गरिएका बिषयहरु र नगरपालिकाले गर्नैपर्ने फोहोरमैला व्यवस्थापन, म्याङ्लुङ बजार रिङरोड, वारुणयन्त्र व्यवस्थापन, पार्क निर्माण, वाल उद्यान निर्माण, ज्येष्ठ नागरिक विश्राम स्थल, वर्थिङ्ग सेण्टर निर्माण, बालमैत्री नगर घोषणा, थलाडाडा भ्यू टावर निर्माण, पिगुवा सिचाई आयोजना, तुम्लिङटार विमान स्थल निर्माण, शिसु हेरचाह केन्द्र ब्यवस्थापन, सबै बिद्यालयका शिक्षकहरुको लागी ई-हाजिरी, ढाका प्रबर्द्धन, बजार क्षेत्रमा सिसि क्यामरा जडान, लागत साँझेदारीमा आधारित योजना छनौट सहित प्रभावकारी सेवा प्रवाह व्यवस्थापन जस्ता कार्यक्रमलाई विशेष जोड दिईएकोछ।

**सभाध्यक्ष महोदय,**

विगतमा जनप्रतिनिधीहरु नभएका अवस्थामा भएको कामको रिक्ततालाई पुरागर्दै आगामी दिनहरुमा पनि थुप्रै चुनौतिलाई पार गर्दे प्रतिकुलतालाई अवसरमा परिणत गर्न हामी विचमा विविधतावीचको एकता , सामाजिक सद्भाव साँस्कृतिक ऐक्यवद्धता तथा आपसी सहिष्णुता कायम राख्दै लक्ष्यप्राप्तिका निमित्त सक्षम हुनेछौ भन्ने विश्वास लएको छु। "सवैको रहर : स्वच्छ, सुन्दर समृद्ध म्याङलुङ्ग शहर" भन्ने दुरदृष्टिलाई चरितार्थ गर्न जातिय, धार्मिक, भाषिक सास्कृतिक तथा भौगोलिक विविधता युक्त सामाजिक एकता भएको प्राकृतिक सौन्दर्यताले भरिपुर्ण म्याङलुङ्गनगरलाई पाँच वर्ष भित्र शैक्षिक ,आर्थिक,सामाजिक रुपमा समृद्ध बनाउनको लागी मेरो नेतृत्वमा रहेको नगरकार्यपालिकाले चालु आ व २०७४/०७५ को लागी निम्न अनुसारको निति तथा कार्यक्रम तर्जुमा गरेको छ ।

**क . पूर्वाधारविकास नीति :**

१. **"सवैको रहर : स्वच्छ, सुन्दर समृद्ध म्याङलुङ्ग शहर"** भन्ने चाहनालाई सार्थक वनाउने सोँच अनुरुप आगामी दिनमा नगरको आवधिक योजना निर्माण गरिनेछ। सुरक्षित नगर वनाउन र सम्भावित भूकम्पीय जोखिमबाट हुन सक्ने क्षतिलाई न्यूनिकरण गर्न तथा घर नक्सापास कार्यलाई व्यवस्थित र नियमित तथा मर्यादित बनाउन घना शहरी क्षेत्रमा एकीकृत आवास, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभुत निर्माण मापदण्ड, २०७२ अनुसार कार्य सम्पादन गरिनेछ। सरोकारवाला संघ संस्था तथा व्यक्तिहरुकालागी नगरस्तरीय अनुशिक्षण तथा अभिमुखीकरण कार्यक्रम गरी भवन संहितालाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ। ईजाजत विना निर्माण भएका मापदण्ड पुराभएका घरहरुलाई ईजाजत पत्र र निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्ने ब्यवस्था मिलाईनेछ। मापदण्ड पुरा नगरी निर्माण भएका घरहरुलाई तोकिएको दस्तुर लिई सुचिकृत गरिनेछ।

२. नगरपालिकामा योजना तथा कार्यक्रम सञ्चालन गर्दा विगतमानै तयार भएको नगरविकास योजना, राष्ट्रिय भवन संहिता, निकट भविष्यमा भूउपयोग योजना तयार गरी कार्यान्वयन गरिनेछ । म्याङलुङ्ग

नगरपालिकाको नगर यातायात गुरुयोजना कार्यन्वयनमा प्राथमिकता दिदै सभाबाट पारित भएका नयाँ योजनाहरु समेत संचालन गरी गुरुयोजनालाई अध्यवधिक गरिनेछ ।

३. सडक निर्माण र स्तरोन्नती गर्दा नगर यातायात गुरुयोजनामा परेका र जनसहभागिता एंव लागत सहभागिता बढी हुने क्षेत्रका योजना तथा कार्यक्रमलाई प्राथमिकता दिईने नीति अबलम्वन गरिनेछ । नगर क्षेत्र भित्रका प्रमुख सडकहरुलाई मर्मत सम्भार गरि बाह्रै महिना यातायात संचालन हुने बनाउन प्राथमिकता दिईने छ । सरोकारवाला निकायहरुसंग आवश्यक समन्वय गर्नुका साथै मर्मत सम्भार कोषको रकममा पुर्वाधार प्रकृतीको आयोजनाबाट ३ प्रतिशत रकम जुटाई कोष बृद्धि गरि मर्मत सम्भार कार्यलाई थप ब्यवस्थित बनाईने छ । मर्मत संभार कोषमा जम्मा हुन आउने रकम कार्यविधी बनाएर मात्र खर्च गर्ने ब्यवस्था गरिनेछ ।

४. जनसहभागितामा आधारित योजनाहरु संचालनको लागी उपयुक्त नीति बनाई संचालनमा ल्याईनेछ । पक्की संरचना निर्माण हुने वा कालोपत्रे गर्ने सडक योजनाहरुमा लगानी गरी आगामी पांच वर्ष भित्रै नगरक्षेत्र भित्रका मुख्य सडकहरु पक्की बनाउने कार्यलाई प्राथमिकता दिइनेछ । जिल्ला प्रहरी कार्यालय, ट्राफिक प्रहरी, यातायात व्यवसायी र स्थानीयवासी समेतको सहयोगमा सडकहरुलाई व्यवस्थित र आवागमनको दृष्टिले सहज बनाईनेछ । सडक नपुगेको स्थानमा सडक पु¥याउने कार्यलाई प्राथमिकता दिइनेछ ।

५. नगरपालिका क्षेत्र भित्र बिना स्वीकृती कुनै जग्गा प्लटिङ गरी बेच्ने कार्य निरुत्साहीत गरिनेछ । नगरपालिकाको स्वीकृती बेगर मापदण्ड बिपरित प्लटिङ गरी निर्माण गरिएका सडकहरुमा नगरपालिकाबाट पूर्बाधार बिकासमा लगानी नगर्ने नीति लिईनेछ ।

६.नगरपालिकाको म्याङलुङ्ग वजार र जिरिखिम्तिवजारमा व्यवस्थित वसपार्क निर्माण गर्नका लागि आवश्यक जग्गाको खोजी एंव व्यवस्थापन गरी वसपार्क निर्माण गरिनेछ ।

७) नगरलाई सुरक्षित र उज्यालो नगरको रुपमा परिचित गर्न नगरका मुख्य बजारहरुमा चालु आ.ब. भित्रै सि.सि. टिभी जडान गरिनेछ । नेपाल विद्युत प्राधिकरण, स्थानीय बजारबासी तथा सामाजिक संघ संस्थाहरुको सहकार्यमा बिद्युतीय सडक बत्तीको व्यवस्थापन गरिनेछ । दिर्घकालिन समाधानको लागीा सौर्य सडक बत्तीको लागी आवश्यक योजना तयार गरिनेछ ।

८.Smart Waling कार्यक्रम अन्तरगत नगर क्षेत्रका घरहरुमा one Colour का घरहरु भएको नगरको रुपमा परिचित गराउन आवश्यक ब्यवस्था मिलाईनेछ ।

९.प्रत्येक वडाका सडक, खानेपानी, सिंचाई र फोहोर व्यवस्थापन गर्न योजना बैंक निर्माण गरि कार्यान्वयन गरिनेछ ।

१०. नगरपालिका भित्रका सवै घरहरुमा विद्युत उपलव्ध गराउन अवश्यक योजना तयार गरिनेछ ।

११.वैकल्पिक उर्जाको रुपमा सौर्य उर्जा, शुन्य फोहोर मैलाको रुपमा वायो ग्यासको विकास गरिनेछ ।

१२. Land Pooling को माध्ययमवाट व्यवस्थित बजार र वस्तीको विकास गरिनेछ ।

१३. नगरको सवै वडाहरुमा संचालन हुने ठूला योजनाहरुको DPR निर्माण गरि सडक, खानेपानी, सिंचाई एवं अन्य पूर्वाधार निर्माण व्यवस्थित रुपमा संचालन गरिनेछ । नगरभित्रका पूर्वाधार सम्बन्धी योजनाहरुलाई वडास्तरीय, नगरस्तरीय र प्रदेश/संघस्तरीय योजनामा वर्गिकरण गरि कार्यान्वयन गरिनेछ ।

१४. अव्यवस्थित पार्किङलाई व्यवस्थित गरिनेछ र सडकमा पार्किङ. निषेध गरिनेछ ।

१५. नगर क्षेत्रका सबै सडकलाई आगामि दुई बर्ष भित्र सार्वजनिक बनाईनेछ । सार्बजनिक नभएका र साविकका चार मिटर भन्दा कम चौडा भएका सडकहरुमा नगरपालिकाबाट लगानी नगर्ने नीति लिईनेछ । अव निर्माणहुने सडकहरु छ मिटर भन्दा कम नहुने गरी योजना तयार गरिनेछ ।

१६. नगरका प्राथमिकता प्राप्त विषेश महत्वका आयोजनाहरु पहिचान गरी म्याङलुङ्गको गौरब आयोजनाको रुपमा संचालन गरिनेछ ।

१७. पिगुवा सिचाई ,ताङमाया सिंचाई,सन्तोले नौलेगाउँ सिचाई, लिफ्ट सिचाई लगायत अन्य ठुला सिचाई परियोजना निर्माणको लागी संघिय सरकार र प्रदेशिक सरकारमा आवश्यक पहल गरिनेछ ।

**ख. सामाजिक विकास  नीति :**

१. शिक्षामा शुसासन कायम गर्न नगर क्षेत्रका सबै समुदायिक विद्यालयहरुमा ई-हाजिरी प्रणाली चालु आ.ब.बाटै सुरुवात गरिनेछ ।

२. म्याङलुङ्ग नगरपालिकालाई शैक्षिक केन्द्र वनाई नगर क्षेत्र भित्रको समग्र शिक्षा प्रणालीलाई सबै सरोकारवालाहरुको सहयोगमा  व्यवस्थित गर्न नगर शिक्षा योजनाको निर्माण गरिनेछ ।

३. बिद्यालय क्षेत्र भन्दा बाहिररहेका उमेर पुगेका बालबालिकाहरुलाई विद्यालयसम्म पहुँच पुऱ्याउन संचालित विद्यालय भर्ना अभियानलाई प्रभावकारी बनाइनेछ । यसलाई सफल वनाउन वालमैत्री नगरपालिका घोषणा कार्यक्रम मार्फत अझ अभियानात्मक रुपमा सञ्चालन गरिनेछ ।

४. नगरक्षेत्रमा खेलकुदको विकास र प्रवर्द्धनका लागि सरोकारवाला निकायसंग समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

५. अंग्रेजी भाषा प्रतिको बढ्दो लोकप्रियता र आवश्यकतालाई मध्यनजर गरी आगामी शैक्षिक शत्र देखी प्रत्येक वडामा एक/एक वटा सामुदायिक बिद्यालय छनौट गरी  पुर्ण अंग्रेजी माध्यममा  पठनपाठन संचालन गर्न आवश्यक पहल गरिनेछ ।

६. खेलकूदको समूचित विकास गर्न खेलकूद समिति निर्माण गरि पूर्वाधारको निर्माण, सिकाई, प्रतियोगिता आदिको आयोजना गरिनेछ ।

७.म्याङलुङ नगरपालिकामा अवस्थित खेल मैदानलाई पूर्वाधारयुक्त सुविधा सम्पन्न रंगशालाको रुपमा विकास गरिनेछ ।

८. मौजुदा माध्यमीक विद्यालय., आधारभुत  विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन र Politechnic Institute को स्थापना गर्नका लागि प्रोत्साहन गरिनेछ ।

९. उच्च शिक्षामा विषयगत विशिष्टता कायम राख्नका लागि विद्यालय र क्याम्पस वीच विषयगत समझदारी कायम गराईनेछ ।

१०.नगर भित्र शिक्षा समिति र शिक्षा शाखा  स्थापना गरि व्यवस्थित शिक्षा प्रणालीको विकास गरिनेछ ।

११.म्याङलुङ नगरपालिका भित्रका विद्यालयहरुको गुणस्तर वृद्धिगर्न तालिमको व्यवस्था, प्रतिस्पर्धाको वातावरण निर्माण तथा सुचकको आधारमा रही पुरस्कार एवं दण्डको व्यवस्था गरिनेछ ।

१२  सवैका लागि र सधैका लागि शिक्षा भन्ने नारालाई मूर्तरुप दिन विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

१३.  सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन मजवुत गरिदै लगिनेछ ।

१४.  पुर्णसाक्षर नगर बनाउन आवश्यक अनौपचारीक शिक्षाका कार्यक्रम समेत संचालन गरिनेछ ।

१५.  नगर खेलकुद समिति गठन तथा खेलकुद योजना तर्जुमा गरी प्रत्येक  वर्ष बार्षिक रुपमा मेयर कप फुटबल प्रतियोगिता संचालन गरिनेछ ।

१६.   अतिविपन्न बालबालिकाहरुका लागी बिशेष छात्रबृत्ती योजना तयार गरी लागु गरिनेछ ।

१७.  नगर क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाबाट २४ सै घण्टा सेवा प्रदानहुने ब्यवस्था मिलाईनेछ ।

१८.   सवै वडाकेन्द्र, स्वास्थ्य संस्था तथा सबै नगरबासीमा एम्बुलेन्स सेवाको पहुच पुर्याउने निती लिईनेछ ।

१९ . प्रत्येक वडामा स्वास्थ्य चौकिको निर्माण गरी आवश्यक उपकरण, औषधि, खोपको वितरण समूचित रुपमा उपलव्ध गराईनेछ । न.पा. केन्द्रमा रहेको अस्पताललाई ५० सैया बनाई आधुनिक सुविधा सम्पन्न अस्पतालको रुपमा विकसित गरिनेछ ।

२०.  स्वास्थ्य र सरसफाई सम्बन्धि जनचेतना अभिवृद्धि गरी HIV/AIDS , लागू पदार्थ तथा दुर्व्यसनी नियन्त्रण गर्न संघिय सरकार, प्रादेशिक सरकार तथा विभिन्न संघ संस्थाहरु संग सहयोग, समन्वय र साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ ।

२१.  म्याङलुङ्ग नगरबासीहरुलाई स्वच्छ पानी  पिउनपाउने अधिकारको सुनिश्चीत गरि सुख्खा ग्रस्त क्षेत्रमा प्राथमिकताका साथ खानेपानी ब्यवस्थापन गरिनेछ ।

२२.  नगरबासीहरुमा अनिवार्य स्वास्थ्य विमा गर्न प्रोत्साहित गरिनेछ ।

२३.  समुन्नत समाजको निर्माण तथा समाजमा देखिने महिला हिंसाका घटनाहरुलाई न्युनिकरण गर्न र क्षमता विकासका लागि एकल महिला, विपन्न महिला, जनजाति महिला, महिला स्वयंसेविका, महिला सञ्जालमा आवद्ध नगरक्षेत्रका महिलाहरुका लागि सचेतनामुलक, क्षमता विकासमुलक, आयमुलक कार्यक्रम संचालन गरिनेछ । स्वास्थ्य संस्था तथा विद्यालयहरुलाई महिलामैत्री बनाउने कार्यको लागि सहयोग गरिनेछ । महिला स्वास्थ्य स्वयं सेविकालाई प्रोत्साहन गरिनेछ ।  सुत्केरी आमा र वच्चाको जीवन जोगाउन जिरीखिम्ति वजारमा वर्थिङ्ग सेण्टर निर्माण कार्य सुरु भएकोमा यसलाई निरन्तरता दिइनेछ ।

२४  आर्थिक, सामाजिक , जातियरुपमा पछाडि परेका महिलाहरुलाई समाजको निर्णायक तहमा ल्याउनको लागि भौतिक तथा सामाजिक विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

२५.   महिला उद्यमीहरुलाई सफलउद्यमी बन्न प्रोत्साहित गरिनेछ ।

२६.  शिक्षा र चेतनाको कमीको कारण विभिन्न सेवाप्रदायक सरकारी तथा गैह्र सरकारी कार्यालय सम्म पहुँच नपुगेका विपन्न वर्गको लागि बिद्यमान ऐन तथा नीति नियम सम्बन्धि अभिमुखिकरण तालिम कार्यक्रम संचालन गरिने छ ।

२७. निर्वाचित जनप्रतिनिधीहरु पद बाहल भई सकेको हुँदा वडा नागरिक मञ्च र निर्वाचित पदाधिकारीहरुको जिम्बेवारीमा विवाद उत्पन्नहुन सक्ने खतरालाई मध्यनजर गरि सबै वडा नागरिक मञ्चहरु विगठन गरिसकिएकोछ। नगरक्षेत्रमा प्रत्येक वडामा एक/एक वटा **"बिपन्न संग नगरपालिका कार्यक्रम"** अर्न्तगत आर्थिक रुपमा आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रम संचालन गरिनेछ।

२८. दलित वर्ग, फरक क्षमता भएका व्यक्ति लगायत सबै लक्षित वर्गहरुको जिवनस्तरमा सुधार ल्याउन जनचेतनाका कियाकलापलाई आय आर्जनसंग आवद्ध गरी कार्यक्रम संचालन गरिने छ।

२९. जेष्ठ नागरिक अनुभवका खानी तथा सदैव श्रद्धाका धरोहर हुने भएकोले उहाँहरुको सम्मानमा सुविधाजनक ज्येष्ठ नागरिक विश्राम स्थल निर्माण गरिने छ। विश्राम स्थलमा सबै उमेर समूहका व्यक्तिहरु महिनामा कम्तिमा एक पटक जम्मा भई अन्तरपुस्ता अनुभव तथा सिकाईहरु साटासाटको वातावरण निर्माण गर्न कार्यकम संचालन गरिनेछ।

३०. अपांगता भएका व्यक्तिहरुको लगत अद्यावधिक गरी सामाजिक सुरक्षाका कार्यकमहरु संचालन गरिनेछ।

३१. सबै लक्षित वर्गको बजेट तथा कार्यकममा पर्न सक्ने जोखिमलाई कम गर्न विशेष सावधानी अपनाईनेछ।

३२. नगर क्षेत्रका लोपोन्मुख तथा सिमान्तकृत र दलित जातीहरुहरुका लागि विशेष कार्यक्रम संचालन गरिनेछ।

३३. नगर क्षेत्र भित्र निर्माण गरिने भौतिक पुर्वाधारहरु अपाङ्गमैत्री बालमैत्री वातावरणमैत्री लैगिंकमैत्री बनाईने छ।

३४. लैंगिक हिंसा रहित नगर बनाउन आवस्यक कार्यक्रम तयार गरी लागु गरिनेछ।

३५. स्याङलुङ्ग नगरपालिकालाई सन् २०१७ भित्र वालमैत्री नगरपालिका घोषणाका लागि बिगतमा नै सामुहिक रुपमा लिखित प्रतिवद्धता जाहेर गरिएकोले बिगत देखि नै बालमैत्री नगर निर्माणको लागी कार्यक्रम गर्न सुरु गरिएकोमा यस अभियानलाई निरन्तरता दिईनेछ। सन् २०१७ भित्र बालमैत्री नगर घोषणाको लागी सुचकहरु पुरागर्न समय कम हुने देखिएकोले एक बर्ष समय थप गरिनेछ। यसै बर्ष देखि नै अभियानका सुचक र खुड्किलासँग सम्वन्धित कार्यहरु सघन रुपमा अघि वढाइनेछ। यस अभियानलाइ सफल पार्न निर्वाचित जनप्रतिनिधी, बिभिन्न राजनैतिक दल, सरकारी कार्यालय, स्थानीय संघ संस्था लगायत सम्पुर्ण नगरवासीहरुसंग सहकार्य गरिनेछ।

३६. बालबालिका लक्षित कार्यकम छनौट गर्दा बालबालिकाकै मागमा आधारित योजनाहरु छनौट गरिने छन् र यी कार्यकमहरु बालबालिकाहरुले नै अधिकतम लाभ पाउने गरी कार्यान्वयन गरिनेछ।

३७ .बालबालिकाको चौतर्फी विकासका लागि प्रतियोगितात्मक, मनोरञ्जनात्मक र साहसिक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३८. बिद्यालय क्षेत्रलाई शान्ती क्षेत्रको रुपमा स्थापीत गरी नगर भित्र शैक्षिक संस्था बन्द निषेधित क्षेत्र घोषणा गरिनेछ।

३९. किसोर किसोरीहरुको लागी स्वास्थ्य सचेतना कार्यक्रमहरु संचालन गरिनेछ।

४०. सबै जातजातिका अति विपन्न महिला, आदिवासी, जनजाति, दलित, अपाङ्ग, लगायत विकासको दृष्टिकोणले पछाडि परेका वर्गलाई विकासका हरेक क्रियाकलापहरुमा सहभागी गराई क्षमता विकास र सशक्तिकरणमा जोड दिइनेछ ।

४१. लैङ्गिक विकासका लागि समान व्यवहार, लैङ्गिक बजेट तयार गरी सशक्तिकरण गर्ने नीति अवलम्वन गरिनेछ ।

**ग. आर्थिक विकास नीति :**

**१.** नगर क्षेत्र भित्रका महत्वपुर्ण धार्मिक तथा पर्यटकिय क्षेत्रलाई आकर्षक पर्यटकीय गन्तब्यको रुपमा पहिचान, प्रबर्द्धन र विकासको लागि गुरुयोजना निर्माण गरिनेछ । जिरिखिम्तिवजार, सिमिनाक्सी, चौकिवजार सडकलाई पर्यटकीय मार्गको रुपमा विकास गर्ने कार्यलाई प्रथमिकताका साथ निरन्तरता दिईनेछ ।

२. "**पर्यटनको पुर्वाधार : विकास समृद्धिको आधार**" को नारालाई साकार पार्न नगरको पर्यटन विकास र संस्कृति प्रवर्द्धनका लागि वालउद्यान पार्क निर्माण, भ्यु-टावर निर्माण, वहुजातीय संग्रहलय भवन निर्माणको कार्यलाई निरन्तरता दिइनुका साथै चालु आ.ब. बाटै म्याङ्लुङ बजार रिङ रोड निर्माण कार्य सुरुवात गरिनेछ ।

३.स्थानीय मठ, मन्दिर, माङहिम, देवालय, शिवालय, चर्च, गुम्बा लगायतका विभिन्न धर्मका धार्मिक स्थलको विकास र संरक्षणको लागि सरोकारवाला स्थानीयबासीसंग सहकार्य गरी अघि बढिनेछ ।

४. विभिन्न जातजातिहरुको परम्परा देखि चलिआएको मौलिक महत्व र पहिचान झल्कने कला सँस्कृति र साँस्कृतिक झाँकीको संरक्षण, प्रवर्द्धन र विकासमा सहयोग गरिनेछ । परापुर्वकाल देखि लाग्दै आएको ऐतिहासिक एवम साँस्कृतिक पर्व अष्टमी मेला, खोरण्डे मेला, हलिमेलाको प्रवर्द्धनका लागि प्राथमिकता दिइनेछ ।

५. विभिन्न पर्यटकीय स्थानको पूर्वाधार निर्माण , होमस्टे प्रवर्द्धन , प्राचीन संस्कृतिको अध्ययन केन्द्र स्थापनामा जोड दिईनेछ ।

६ .प्यारा ग्लाईडिङ., क्यानोईङ,रक क्लाइमिङ जल पर्यटन जस्ता साहसिक पर्यटकलाई सहयोग पुग्ने खालका पूर्वाधार विकास एवं प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ ।

७. सबै जातजाती र सबै धर्मालम्बीहरुको कला र संस्कृतिको विकास र संरक्षण गरिनेछ ।

८. पर्यटन सेवा विस्तारको लागी तुम्लिङ्गटारमा विमान स्थल निर्माण गर्न अवश्यक पहल गरिनेछ ।

९. अनुभव आदान प्रदान र नगरको द्रुततर विकासको निमित्त देश विदेशका विभिन्न नगरपालिकाहरुसंग भगिनी सम्बन्ध कायम गर्ने कार्यलाई अगाडि बढाईनेछ ।

१०. पर्यटन विकासका लागी छिमेकी स्थानीय तहहरुसंग आपसी लाभमा आधारित पर्यटन साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

११. निजी तथा सामुदायिक क्षेत्रको सहकार्यमा नगरको मुख्य प्रवेश विन्दुमा स्वागतद्वार निर्माण गरिनेछ ।

१२ **टुरिजम टाउनको सपना : स्मार्ट सिटिको परिकल्पना** भन्ने नारालाई साकार पार्दै म्याङलुङबजारलाई स्मार्ट सिटिकोरुपमा विकास गरिनेछ।

१३. कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि , व्यवसायीकरण र विविधिकरण गर्न सिंचाई महत्वपूर्ण माध्यम भएकोले कृषि सिंचाईका योजनाहरु संचालन र सिंचाई सुविधा नपुगेका खेतीयोग्य जमिनमा सिँचाई सुविधा पुऱ्याउन सिंचाई सम्बन्धी योजना सञ्चालनका लागि प्राथमिकता दिइनेछ ।

१४. जथाभावी मासु काट्ने र बेच्ने प्रबृतिलाई निरुत्साहित गरी स्वस्थ प्रकृतिको मासु खान पाउने उपभोक्ताको अधिकारलाई सुनिश्चित गर्नको लागि मासु पसल संचालनको मापदण्ड निर्धारण गरि कडाईका साथ लागु गरिने छ ।

१५. गाँउ गाउँमा उत्पादन भएका बस्तुहरु पहिचाहन गरी बजारीकरण गरिनेछ ।

१६. एक वडा एक प्राविधिक तालिम उपलव्ध गराई टोल टोलमा एक गाँउ एक उत्पादन कार्यक्रमबाट प्रत्येक घरमा कम्तीमा एक घर एक रोजगार श्रृजना गरिनेछ ।

१७. नगरक्षेत्र भित्रका गाँउ गाँउमा आर्थिक विकासका लागि उत्पादनमूलक लघु उद्यम कार्यक्रम संचालन गरिनेछ ।

१८.आधुनिक प्रविधियुक्त कृषि कार्यक्रमलाई प्रोत्साहित गरिने छ, पशुपंछी पालन र कृषिमा आत्मनिर्भर हुने कार्यक्रमलाई अगाडि वढाइने छ ।

१९. कृषि उपजमा किटनाशक औषधि र रसायनिक मलको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड दिइनेछ ।

२०. अनुदान प्रदान गरी निर्वाहमुखी कृषि तथा पशुपालनलाई व्यवसाय मुखी गरिदै लगिनेछ । बजारीकरणमा विषेश जोड दिईनेछ ।

२१. म्याङ्लुङ नगरको ढाका उत्पादनलाइ एक नगर : एक उत्पादनको रुपमा स्थानीय ढाका कपडा उत्पादनलाई विशेष प्रर्वद्धन गरिनेछ ।

२२. घरेलु तथा साना उद्योगको प्रवर्द्धनको लागि स्थानीय स्तरमा उपलव्ध स्रोत तथा साधनको प्रयोगमा जोड दिइनेछ । संघिय सरकारद्धारा स्वीकृत कार्यविधि अनुसार गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत उद्यमी सृजना र प्रवर्द्धनमा संघिय सरकार, प्रादेशिक सरकार स्थानीय तह को संयुक्त जिम्मेवारीमा लक्ष्य पुरा गर्ने व्यवस्थालाई साकार तुल्याउन उद्यमी सृजना र प्रवर्द्धनका लागि प्राथमिकता दिइनेछ ।

२३.नगरपालिकाका हरेक योजना तथा कार्यकमलाई गरिबि न्यूनिकरणमुखी बनाई संचालन गरिनेछ ।

२४.घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनमा जोड दिईनेछ ।

२५.नगरपालिकाको निश्चित क्षेत्रलाई औद्योगिक क्षेत्रको रुपमा विकास गरिनेछ ।

२६.स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना गर्न प्रोत्साहन दिईनेछ ।

२७. चालु आ.ब. भित्रै उद्योग विकास रणनैतिक गुरु योजना तयार गरिनेछ ।

२८. बहुप्राविधिक शिक्षालयहरु मार्फत सिपमुलक तालिमहरु संचालन गरी युवाहरुलाई स्वरोजगार बनाउने कार्यक्रम संचालन गरी बिदेशिनुपर्ने बाध्यता न्युनीकरण गर्दै लगिनेछ ।

२९. उत्कृष्ट कृषि तथा पशुपालक कृषकलाई प्रोत्साहन गर्न पुरस्कृत गरिनेछ ।

## घ. बातावरण तथा विपद व्यवस्थापन नीति :

१. वजारको फोहोरमैला व्यवस्थापनलाई अझै वढि व्यवस्थित गरिनेछ । नगरबासीलाई फोहोरमैला व्यवस्थापनको लागि चेतनामुलक अभियान संचालन गरिनेछ । **“फोहोर गर्नु अधिकार होईन, दण्डनीय**

**सामाजिक अपराध हो"** भन्ने कुरालाई समाजमा स्थापित गरी आफुले उत्पादन गरेको फोहोर आफैंले व्यवस्थापन गर्ने तर्फ उन्मुख गरिनेछ। नगरक्षेत्रको फोहोरमैला व्यवस्थापन कार्यमा स्थानीय संघ संस्था, निजी क्षेत्रसंग सहकार्य गरिने नीति लिइनेछ।

२. सम्भावित आगलागीका घटनाहरु नियन्त्रणकालागी चेतनामुलक तथा सन्देशमुलक कार्यक्रम सञ्चालन गर्दै बारुण यन्त्र (दमकल) सञ्चालन तथा व्यवस्थापनका लागि २४ सै घण्टा उच्च सजगता अपनाइनेछ। दमकल सञ्चालनका लागि सुरक्षा निकायहरु, नेपाल रेडक्रस सोसाइटी र अन्य सरोकारवालाहरुसंग सहकार्य गर्ने नीति लिइनेछ।

३. Zero Waste प्रणालीलाई प्रभावकारी बनाई आधुनिक प्रविधि अपनाइ फोहोरलाई वहुउपयोगी वनाइने छ।

४. नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्नेतर्फ अभियान अगाडि बढाईनेछ।

५. वातावरण संरक्षणका लागि वन कार्यालय र सम्बन्धीत संघ सस्थासँग समन्वय गरी एक नगर अनेक उद्धान कार्यक्रम, एक घर एक लालिगुराँस कार्यक्रमको अवधारणा अगाडि वढाईनेछ। रुपाखोला देखि म्याङलुङ्ग बजार सम्मको सडक किनारामा लालिगुराँस रोपण अभियान अगाडि बढाईनेछ।

६.नगरपालिका क्षेत्रभित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मूल्यांकन र BIO Engineering को प्रविधि अवलम्बन गरिनेछ।

७.नगर क्षेत्र भित्र विस्तार गरिएका पोल तथा तारहरुलाई व्यवस्थित गराईनेछ। विभिन्न निकायबाट नगरक्षेत्रमा विस्तार गरिएका पोलको बार्षिक ब्यवस्थापन शुल्क लिने ब्यवस्था गरिनेछ।

८.बिपत पुर्व तयारीमा ध्यान दिदै नगरक्षेत्रभित्र हुने भूस्खलन, वाढी पहिरो, आगलागी, भुकम्प, आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृतिम विपत्तिवाट तुरुन्त प्राथमिक राहत कार्य गर्न नगरपालिका, सशस्त्र प्रहरी, नेपाल प्रहरी, जिल्ला प्रहरी र नेपाल रेडक्रससँग समन्वय गरिनेछ। दीर्घकालीन समाधानको लागी नगरपालिकामा विपद व्यवस्थापन केन्द्र स्थापना गरिने छ। विपद व्यवस्थापनका लागि अस्थायी Shelter को व्यवस्था गरिने छ।

९. सार्वजनिक जग्गा पहिचान गरी लगत राखिनेछ र त्यस्ता क्षेत्रलाई क्रमशः खुला क्षेत्र घोषणा अभियान अगाडि बढाईनेछ।

१०. बिपद जोखिम क्षेत्र पहिचान गरी शुरक्षित स्थानमा वस्ति स्थानान्तरण कार्यक्रम अवलम्बन गरिनेछ।

११.सफा र हरियाली नगरपालिका निर्माणका लागि हरित सडक, खोला खोल्सामा वृक्षारोपण, बाँस रोपण, रुख तथा बाँसद्धारा तटवन्धन , सामुदायिक वनको संरक्षण, खाली ठाँउमा वृक्षारोपण गरिने छ।

१२. नगरलाई सफा र हरियो नगरको रुपमा विकास गर्न एक घर एक रुखको विरुवा, घरको छत र वरण्डामा कौशि खेतीलाई प्रोत्साहित गरिनेछ।

१३. नगरक्षेत्रमा उपलब्ध खाली जग्गामा बृक्षारोपण गरी विरुवा हुर्काउने कार्यको लागि सम्बद्ध सरोकारवालाहरुसंग समन्वय गरिनेछ ।

१४. जलवायु परिवर्तन अनुकुलनलाई सहयोग पुग्ने किसिमका विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

१५. वातावरणमैत्री स्थानीय शासन पद्धती लागू गर्नको लागि संघिय सरकार र प्रदेश सरकार तथा सम्बन्धीत निकायहरुमा समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।

१६. नगरका सम्बन्धित सरोकारवाला ब्यक्ति तथा संघ संस्थासंग समन्वय गरि स्याङलुङ्ग नगरपालिकामा प्लाष्टिक झोला प्रयोगलाई निरुत्साहित गर्दै प्लाष्टिक झोला निषेधित नगरपालिका घोषणा गरिनेछ ।

१७. नगरक्षेत्र भित्रका पानीका मुहानको संरक्षण तथा सम्बर्द्धन गरिनेछ ।

१८. पूरानो बजारहरुलाई व्यवस्थीत गर्न सडक चौडा गर्ने  कार्य र ढल तथा नालाको व्यवस्था गरिनेछ ।

१९. बिपत पूर्बको पूर्ब तयारी, बिपद्को समयमा राहत तथा पुनरस्थापना कार्यमा सहयोग गर्न जिल्ला दैवी प्रकोप उद्धार समिति, नेपाल रेडक्रस सोसाइटी तथा सरोकारवाला निकायको सहयोग र समन्वयमा स्थानीय बिपद जोखिम ब्यवस्थापन योजना बनाई कार्यान्वयन गरिने छ ।

**ङ. संस्थागत विकास, सेवा प्रवाह र सुशासन नीति :**

१. नगरक्षेत्र भित्रका दर्ता नभई संचालनमा रहेका उद्योग तथा व्यवसायलाई करको दायरामा ल्याइनेछ ।

२. नेपाल सरकारले व्यवस्था गरेको सामाजिक सुरक्षा भत्तालाई समयमा नै लक्षित वर्ग सम्म पुग्ने गरी वितरण कार्यलाई बैंक तथा सुरक्षा निकायसंगको सहकार्यमा वडा वडामा सम्बन्धित व्यक्तीकै हातमा बैंक मार्फत नै भत्ता वितरण कार्यक्रम संचालन गर्न आवस्यक पहल गरिनेछ ।

३. नगरमा टोल विकास संस्थाको गठन र परिचालनलाई प्राथमिकताका साथ कार्यन्वयन गरिनेछ । सामाजिक संस्थाहरुको संस्थागत बिकास र क्षमता अभिबृद्धिका लागी सहयोग गरिने छ ।

४ नगर स्थीत सम्पुर्ण संचार माध्यमहरुलाई स्वतन्त्र र निश्पक्षरुपमा कामगर्ने वातावरणको सृजना गरिनेछ ।

५. नगरपालिका कार्यालयको सूचना केन्द्रबाट नगरपालिकासंग सम्बन्धित सम्पूर्ण सूचनाहरु एकिकृत रुपमा पाइने व्यवस्था मिलाईनेछ । पर्यटन सुचना केन्द्र तथा युवा सुचना केन्द्र स्थापना गरी नगरका सम्पुर्ण सुचनाहरु प्रवाह गर्ने गरिनेछ ।

६. नगरपालिकाको कार्य सम्पादन र गतिबीधिलाई जनस्तरमा बिश्वसनीय र पारदर्शी बनाउन सामाजिक परीक्षण, सार्बजनिक सुनुवाई, खर्च सर्बजनिकिकरण र सार्बजनिक परीक्षण जस्ता कार्यलाई अझ प्रभावकारी रुपमा निरन्तरता दिइने छ ।

७. नगरपालिकासंग सम्बन्धित सबै सूचना तथा जानकारीहरु अद्यावधिक रुपमा उपलब्ध गराउन नगरपालिकाको वेभसाईट संचालनमा ल्याईनेछ ।

८. आन्तरिक तथा बाह्य पर्यटकको सुविधाको लागी नगरका विभिन्न क्षेत्रमा फ्री वाईपाई जोनको स्थापना गरिनेछ ।

९. दुरसंचार प्रणालीलाई सवै वडामा सर्वसुलभ वनाउन पहल गरिने छ । ICT प्रणाली मार्फत प्रत्येक नागरिकलाई सुशुचित गराईनेछ ।

१०.नगरपालिकावाट संचालित विभिन्न विकास कार्यक्रम, प्रवाहित सेवाको अधिकतम सार्वजनिक गरी पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गरिनेछ ।

११.सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न नगरपालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्ययमवाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिकिकरण गर्ने व्यवस्था मिलाईनेछ ।

१२. सूचना तथा संचार क्षेत्रको संरक्षण, प्रवर्द्धन र विकास गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

१३. खोजमूलक र अनुसन्धानमूलक पत्रकारितालाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ

१४. नगरपालिकाको विकास, सहरी सौन्दर्य अभिबृद्धि, सडक बत्ति व्यवस्थापन जस्ता कार्यमा नगर स्थित सरकारी कार्यालयहरु, गैह्र सरकारी संस्थाहरु तथा अन्य निकायहरुसंगको साझेदारीलाई प्राथमिकता दिईनेछ ।

१५. स्थानीय स्तरमा साझेदारीका क्षेत्रहरु पहिचान गरी नगरपालिकामा सिफारीस गर्न प्रचलित कानुन बमोजिमको सार्वजनिक निजी साझेदारी समिति गठन गरी क्रियाशिल बनाईनेछ ।

१६. निजी क्षेत्र, सहकारी क्षेत्र र सार्वजनिक क्षेत्र बीच सहकार्यको आधारमा विकासका कार्यक्रम संचालन गरिनेछ ।

१७. नगरपालिका क्षेत्रभित्र मनोरञ्जनात्मक पार्क, उद्यान, पुस्तकालय, फोहोरमैला व्यवस्थापन, हाट वजार संचालन, प्याराग्लाईडिङ जस्ता कार्यका लागि सार्वजनिक निजी साझेदारी मोडलमा काम गर्ने परिपाटीको विकास गरिनेछ । यसका लागि उद्योग वाणिज्य संघ लगायतका अन्य सरोकारवाला निकायसँग सहकार्य गरिनेछ ।

१८. नगर विकासको दिगो र भरपर्दो श्रोत भनेको नै नगरपालिकाले आफुले संकलन गरेको श्रोत नै हो । आन्तरिक आयमा सवल भएमा मात्र नगरको द्रुत विकास हुन सक्छ । त्यसैले नगरपालिकालाई आन्तरिक आयमा क्रमशः सबल बनाउँदै लैजानको लागि आन्तरिक आय बृद्धि गर्न करका दर र दायराहरुलाई फराकिलो बनाउदै लगिनेछ ।

१९. कर प्रशासन लाई छिटो, छरितो, पारदर्शि बनाउन कार्यरत कर्मचारीलाई क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिने छ ।

२०. राजश्व सम्भाब्यता अध्ययन प्रतिवेदन तथा नगर स्तरीय राजस्व परामर्श समितिबाट प्राप्त सुझावहरुको आधारमा कर प्रणालीलाई बैज्ञानिक र व्यवस्थित बनाईनेछ ।

२१. नगरपालिका क्षेत्रमा गत आ.व. देखि नै एकिकृत सम्पत्ती कर कार्यान्वयनमा रहेकोले चालु आ.व. भित्र पुर्ण रुपमा अभिलेख अद्यावधिक गरिनेछ । आस्वीन महिना भित्र कर तिर्ने कर दाताहरुलाई सबै प्रकारको करमा दश प्रतिशत छुटको व्यवस्था गरिनेछ ।

२२.एकीकृत सम्पत्ति कर लगायत अन्य करहरु १० वटै वडा कार्यालयबाट असुल गर्न सफ्टवेर विस्तार गरिनेछ ।

२३. नगरपालिकाले विभिन्न क्षेत्रवाट प्राप्त गर्ने कर, शुल्क तथा दस्तुरलाई प्रभावकारीरुपले संकलन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायसँग सहकार्य गरिनेछ ।

२४. कर तथा शुल्क संकलनलाई नियमित र परदर्शी बनाउन बढी संकलन गर्ने वडामा थप कार्यक्रमहरु सोही वडामा संचालन गरिनेछ ।

२५. नगरपालिकाबाट संचालन गरिने उपभोक्ता समिति, संघ संस्थामार्फत संचालन हुने सबै योजना तथा कार्यक्रमहरुमा कम्तीमा १० प्रतिशत नगद लागतसहभागिता अनिवार्य गरिनेछ ।

२६. नगरपालिकाबाट संचालन गरिने एक लाख भन्दा बढीका योजना तथा कार्यक्रममा मात्र ३ प्रतिशत आयोजना ब्यवस्थापन खर्च कट्टा गर्ने ब्यवस्था मिलाईनेछ र थप १ प्रतिशत रकम उपभोक्ता समितिले मसलन्द खर्च गर्नसक्नेछ ।

२७. निर्वाहमुखी कृषी उपजमा कर समायोजन गरिनेछ ।

२८. नगरक्षेत्र भित्र महिला द्वारा संचालित साना तथा घरेलु उद्योगलाई करमा विशेष  सहुलियतको ब्यवस्था गरिनेछ ।

२९. नगरलाई प्रविधी मैत्री नगरको रुपमा परिचित गर्न नगरपालिका तथा वडा कार्यालयका सबै काम हरु विद्युतिय माध्यमबाट संचालन गरी पेपर लेस सेवामा जोड दिईनेछ ।

३०. नगरपालिकाको सेवा प्रवाह प्रक्रियालाई छिटो, छरितो र अझ पारदर्शि बनाउँदै लगिनेछ । सम्मानजनक व्यवहार सहित सेवा प्राप्त गर्नु सेवाग्राहीको अधिकार हो भन्ने मान्यतालाई स्थापित गर्न कर्मचारीहरुलाई निरन्तर प्रशिक्षित गराईनेछ ।

३१. पदाधिकारी र कर्मचारीहरूको क्षमता र दक्षता अभिबृद्धिको लागि तालिम र अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ ।

३२. नगरपालिकाबाट प्रदान गरिने सेवाहरुका सम्बन्धमा सेवाग्राहीको सन्तुष्टि मापन गर्न सेवाग्रहि सन्तुष्टी फारमको माध्यमबाट प्राप्त सुझावका आधारमा सेवा प्रवाह प्रणालीमा आवश्यक सुधार गरिनेछ ।

३३. कार्यसम्पादन मूल्यांकनको आधारमा कामप्रति इमान्दार कर्मचारीलाई प्रोत्साहन र सेवाप्रति लापरवाही गर्ने कर्मचारीलाई कानून बमोजिम दण्डित गर्ने व्यबस्थालाई कडाइका साथ अवलम्बन गरिनेछ ।

३४. नगरबासीहरुको सुविधाको लागी सबै वडाबाट सबै सेवा प्रदानहुने ब्यवस्था गरिदै लगिनेछ ।

३५.नगरपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरुको कर्मचारीहरुमा सेवाग्राही प्रति उत्तरदायी बनाउन कर्मचारी आचारसंहिता निर्माण गरि लागू गरिने छ । जनप्रतिनिधिहरुको समेत आचारसंहिता वनाई कार्यान्वयन गरिनेछ ।

३६.शाखा प्रमुखहरुसँग कार्यसम्पादन करार गरी काम गर्ने कार्यको थालनी गरिनेछ ।

३७. वडा कार्यालय तथा नगरपालिका कार्यालयबाट प्रदान गरिने सेवाकोलागी सेवाग्राहीले पेश गर्नुपर्ने निवेदनहरुको फारम निःशुल्क रुपमा उपलब्ध गराईनेछ ।

३८.उत्कृष्ठ कार्य गर्ने नगरपालिकाका कर्मचारी, करदाता, उपभोक्ता समिति, संचारकर्मी, टोल विकास समितिलाई पुरस्कृत गर्ने पद्दतीको विकास गरिनेछ ।

३९. नगरपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त , विश्वसनियता, क्षमतायुक्त र प्रभावकारी वनाउदै आवश्यक रिक्त दरवन्दीहरुमा उपयुक्त प्रक्रियावाट पदपूर्ति पहल गरिनेछ र हाल कार्यरत योग्यता पुराभएका कर्मचारीहरुलाई उपयुक्त पदमा दरबन्दी मिलान गरिनेछ ।

४०. नगर कार्यपालिकाको वैठकवाट स्वीकृत म्याङलुङ. नगरपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीको पूर्ण पालनामा जोड दिईनेछ ।

४१.एक द्वार अनेक सेवा अवधारणा बमोजिम सेवा प्रवाहको ब्यवस्था अभिवृद्धिमा जोड दिईनेछ ।

४२.कार्यालय परिसरमा सेवाग्राही विश्राम स्थल , सेवाग्राही सहयोगी कक्ष तयार गरिनेछ ।

४३.जनताको गुनासो सुनुवाईको लागि स्थानीय रेडीयो मार्फत मासिक रुपमा "***नगरवासी संग मेयर कार्यक्रम*** " सञ्चालन गरिनेछ ।

४४.नगरपालिकामा रहेका पुराना सवारीसाधन, अन्य समाग्रीहरु तथा संरचनाहरु मध्ये चलाउन मिल्ने खालका साधन तथा संरचनालाई मर्मत गरिनेछ र चलाउन नमिल्ने खालका साधन तथा संरचनालाई कानूनी प्रक्रिया पुरयाई लिलाम विक्रि गरिनेछ ।

४५. स्थानीय तहलाई प्राप्त न्यायिक अधिकारलाई संस्थागत गर्न न्यायिक समितिलाई पुर्णता दिई न्यायिक समितिको कामलाई ब्यवस्थीत गर्न आवश्यक विज्ञ सेवाको लागी सम्बद्ध पक्षसंग समन्वय गरी न्यायीक कार्य सम्पादन लाई चुस्त र प्रभावकारी बनाईनेछ ।

४६. आर्थिक बर्षको अन्त्यमा आएर आयोजना स्वीकृत गरी कार्यान्वयन गरिने छैन । चालु आ.ब. देखिनै चैत्र मसान्त भित्र आयोजना संचालनको सम्झौता र जेष्ठ मसान्त भित्र फरफारक गरी सक्नु पर्नेछ । सबै योजना तथा कार्यक्रममा सामाजिक परिक्षण अनिर्वाय गरिनेछ ।

४७. नगरपालिका भित्र रहेका सम्पुर्ण सेवा प्रदायक निकायहरुमा नागरिक बडापत्र र सुझाव पेटिकाको अनिर्वायता गरिनेछ ।

४८. गुनासो सुनुवाईको कार्यक्रम संचालन गरी "**हेलो नगरपालिका कार्यक्रम"** संचालन गरिनेछ ।

४९. नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन, २०७४, सभा तथा कार्यपालिकाबाट स्वीकृत ऐन, नियम, नियमावली, कार्यविधी तथा प्रचलित कानुको कडाइका साथ पालना गरिने/गराईनेछ ।

५०. चालु आ.ब. भित्रै निर्माणाधीन नगरपालिका कार्यालय भवनको निर्माण कार्य सम्पन्न गरी फर्निचर समेतको ब्यवस्था गरी सेवा प्रवाहमा सहजता ल्याईनेछ । वडा कार्यालय भवन नभएको ठाँउमा क्रमशः वडा कार्यालय भवनको निर्माण गरिनेछ ।

५१. पञ्चबर्षिय आवधिक नगर योजना तयार गरी कार्यान्वयनमा ल्याईनेछ । विषयतगत तथा क्षेत्रगत प्रोफाईल , नगरप्रोफाईल तयार गरिनेछ ।

**आदरणिय सभासद ज्युहरु,**

स्थानीय तहको निर्वाचन सम्पन्न भए पश्चात हामी नयाँ चरणमा प्रवेश गरेका छौं । अव हाम्रो लडाइँ म्याङलुङ्ग नगरपालिकाको विकास, समृद्धी , सामाजिक एकता तथा सास्कृतिक ऐक्यबद्धता सुशासनको

पक्षमा अभाव, पछौटेपन, अशिक्षा र गरिबिका बिरुद्ध केन्द्रीत हुनेछ । यस गरिमामय नगरसभामा चालु आर्थिक बर्षको निती तथा कार्यक्रम प्रस्तुत गरिरहँदा म समुन्नत, समृद्ध, विकसित, भ्रष्टचार मुक्त म्याङलुङ्ग नगरपालिकाको तस्वीरको कल्पना गरिरहेकोछु । साथै प्रस्तुत निती तथा कार्यक्रमलाई यस गरिमामय सभाले ब्यापक छलफल गरि नगरवासीको हितमा आवस्यक निष्कर्ष निकाल्नेछ भन्ने आशा गरेकोछु ।

हाम्रो अनुभवले सहकार्य र एकताबाट मात्र परिवर्तन सम्भव भएको पाठ सिकाएकोछ । बिभाजित मानसिकताले जटिलता सृजना गर्दछ - प्रगतिलाई अवरोध गर्दछ । म्याङलुङ्ग नगरपालिकाको विकास र समृद्धि हामी सबैको साझा लक्ष हो । तसर्थ सकरात्मक सोचको विकास गरी एकजुट भई अगाडी बढ्नु आजको पहिलो आवश्यकता हो । हाम्रो साझा लक्ष प्राप्त गर्न हामी विचमा सहकार्य र एकताको आवश्यकता छ भन्ने कुरा म स्मरण गराउन चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

आर्थिक - सामाजिक विकास, आम नागरिकहरुमा सहज रुपले सार्वजनिक सेवा प्रवाह, भ्रष्टचार नियन्त्रण तथा शुसासन प्रबर्द्धन गरी जनउत्तरदायी स्थानीय सरकार निर्माण गर्ने हामी सबैको साझा उद्देश्य हो ।

अन्त्यमा, म यस म्याङलुङ्ग नगरपालिकाको प्रथम सभालाई जनप्रतिनिधीको रुपमा सम्बोधन गर्न पाउँदा संम्पुर्ण नगरवासी, राजनितिक दलका साथीहरु, विजेता मेरा सहकर्मी कार्यपालिकाका पदाधिकारी तथा सभासद् मित्रहरु लगायत संञ्चारकर्मी कर्मचारी बर्ग र सुरक्षा कर्मीहरु प्रति पनि कृतज्ञता ज्ञापन गर्दै धन्यवाद दिन चाहन्छु ।

..............................
संजय कुमार तुम्वाहाम्फे
नगर प्रमुख
म्याङलुङ्ग नगरपालिका